विधेयक संख्याः

कर्मचारी सञ्चय कोष ऐन, २०१९ लाई संशोधन गर्न बनेको विधेयक

२०८३

सङ्घीय संसद सचिवालय

सिंहदरबार, काठमाडौं।

उद्देश्य र कारण

नेपाल सरकार र सङ्गठित संस्थाका कर्मचारीहरू, अन्य कर्मचारीहरू र स्वरोजगारमा संलग्न व्यक्तिहरूको निमित्त सञ्चय कोष, निवृत्तिभरण कोष लगायत अन्य सामाजिक सुरक्षा कोषको व्यवस्था गर्ने उद्देश्यले कर्मचारी सञ्चय कोष ऐन, २०१९ कार्यान्वयनमा रहेको छ। उक्त ऐनद्वारा परिभाषित केही शब्दहरुलाई थप स्पष्ट गर्ने, प्रदेश सरकार र स्थानीय तह मातहतका कर्मचारीलाई समेत कोषमा आवद्ध गराउने, कानून बमोजिम स्थापित अन्य कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने अधिकार कोषलाई प्रदान गर्ने लगायतका विषयहरु समावेश गरी ऐनलाई सामयिक रुपमा परिमार्जन गर्न आवश्यक भएको हुँदा यो विधेयक तर्जुमा गरी सङ्घीय संसदमा पेश गरेको छु।

(डा. स्वर्णिम वाग्ले)
अर्थमन्त्री

सैद्धान्तिक अवधारणा

ऐन कार्यान्वयनको क्रममा देखिएका व्यवहारिक समस्या, अस्पष्ट प्रावधान तथा समयानुकूल सुधारको आवश्यकतालाई सम्बोधन गर्न कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा संशोधन आवश्यक भएको हुँदा ऐनद्वारा परिभाषित केही शब्दहरुलाई थप स्पष्ट गर्न, प्रदेश सरकार र स्थानीय तह मातहतका कर्मचारीलाई समेत कोषमा आवद्ध गराउन, कानून बमोजिम स्थापित अन्य कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने अधिकार कोषलाई प्रदान गर्ने गरी तर्जुमा भएको "कर्मचारी सञ्चय कोष ऐन, २०१९ लाई संशोधन गर्न बनेको विधेयक" को मस्यौदा नेपाल सरकार, मन्त्रिपरिषद्बाट सङ्घीय संसदमा पेश गर्न अनुमति प्राप्त भएकोले यो विधेयक सङ्घीय संसदमा पेश गरेको छु।

(डा. स्वर्णिम वाग्ले)
अर्थमन्त्री

आर्थिक टिप्पणी

प्रस्तावित विधेयकमा उल्लिखित प्रावधानहरु हाल कार्यान्वयनमा रहेको कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित संरचनाबाट सञ्चालन हुने हुँदा यो विधेयक ऐन बनी कार्यन्वयन हुँदा नेपाल सरकारलाई कुनै प्रकारको आर्थिक दायित्व पर्ने देखिँदैन।

(डा. स्वर्णिम वाग्ले)
अर्थमन्त्री

प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

नेपाल सरकार र सङ्गठित संस्थाका कर्मचारीहरू, अन्य कर्मचारीहरू र स्वरोजगारमा संलग्न व्यक्तिहरूको निमित्त सञ्चय कोष, निवृत्तिभरण कोष लगायत अन्य सामाजिक सुरक्षा कोषको व्यवस्था गर्ने उद्देश्यले कर्मचारी सञ्चय कोष ऐन, २०१९ कार्यान्वयनमा रहेको छ। ऐनमा रहेका केही शब्दहरुलाई थप स्पष्ट गर्ने, प्रदेश सरकार र स्थानीय तह मातहतका कर्मचारीलाई समेत कोषमा आवद्ध गराउने, कानून बमोजिम स्थापित अन्य कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने अधिकार कोषलाई प्रदान गर्ने लगायतका विषयहरु समावेश गरी "कर्मचारी सञ्चय कोष ऐन, २०१९ लाई संशोधन गर्न बनेको विधेयक" तर्जुमा गरिएको हो।

प्रस्तवित विधेयकमा कुनै पनि नयाँ प्रत्यायोजित व्यवस्थापन सम्बन्धी अधिकार सिर्जना नगरिएको तथा विद्यमान कानूनी संरचनाभित्र रही ऐनको व्यवस्थालाई थप स्पष्ट, व्यवस्थित र समयसापेक्ष बनाउने प्रयोजन मात्र रहेको हुँदा प्रत्यायोजित व्यवस्थापन सम्बन्धमा थप व्याख्या आवश्यक नदेखिएको व्यहोरा पेश गरेको छु।

(डा. स्वर्णिम वाग्ले)
अर्थमन्त्री

व्याख्यात्मक टिप्पणी

कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा रहेका केही शब्दहरुलाई परिभाषा मार्फत थप स्पष्ट गर्ने, प्रदेश सरकार र स्थानीय तह मातहतका कर्मचारीलाई समेत कोषमा आवद्ध गराउने, कानून बमोजिम स्थापित अन्य कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने अधिकार कोषलाई प्रदान गर्ने लगायतका विषयहरु समावेश गर्न संशोधन आवश्यक देखिएकोले यो संशोधन विधेयक तयार गरिएको हो।

क्र. सं.	विधेयकको दफा	व्याख्यात्मक टिप्पणी
१	१	ऐनको नाम र ऐन प्रारम्भ हुने मिति स्पष्ट रुपमा उल्लेख गरिएको छ।
२.	२	प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीलाई समेत सञ्चय कोषमा आबद्ध गर्ने गरी प्रस्ताव गरिएको छ।
३.	३	मूल ऐनमा प्रयोग भएका मासिक तलब, ऋणपत्र, डिबेञ्चर र कार्यालय शब्दको परिभाषालाई थप स्पष्ट पार्ने गरी प्रस्ताव गरिएको छ।
४.	४	कोषले शाखा कार्यालय र उपशाखा कार्यालय स्थापना गर्न सक्ने विषयलाई कानूनी रुपमा स्पष्ट गर्ने गरी प्रस्ताव गरिएको छ।
५.	५	सञ्चालक समितिमा रहने सदस्यको योग्यता, गठन प्रक्रिया लगायतका विषय उल्लेख गरी समितिलाई चुस्त, दुरुस्त र मितव्ययी बनाउने गरी प्रस्ताव गरिएको छ।
६.	६	नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारी सरह सङ्गठित संस्थाको एघारौं तहको कर्मचारी रहने भएको हुँदा सोही बमोजिम तादात्म्यता मिलाउने गरी प्रस्ताव गरिएको छ।
७.	७	मूल ऐनको दफा ४ मा नेपाल सरकारले सञ्चालक मनोनयन गर्न सक्ने व्यवस्था उल्लेख भएकोले सोही व्यवस्था अनुसार मिलाउने गरी प्रस्ताव गरिएको छ।
८.	८	नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारी सरह सङ्गठित संस्थाको एघारौं तहको कर्मचारी रहने भएको र नेपाल सरकारबाट नियुक्ति तथा मनोनीत हुने पदाधिकारीको पदावधि चार वर्ष राख्न उपयुक्त हुने भएको सोही बमोजिमको व्यवस्था प्रस्ताव गरिएको छ।
९.	९	मूल ऐनमा भएको व्यवस्थालाई कानून तर्जुमाको दृष्टिकोणले परिमार्जन गरी प्रस्ताव गरिएको छ।
१०.	१०	नेपाल सरकाले प्रचलित कानून बमोजिम स्थापित कुनै कोषको सञ्चालन गर्ने निकायको रुपमा कर्मचारी सञ्चय कोषलाई तोक्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ।
११.	११	प्रस्तावित संशोधन ऐनमा थप भएको विषयलाई समावेश गरी कानून तर्जुमाका दृष्टिकोणले मिलाउने गरी प्रस्ताव गरिएको छ।
१२.	१२	कर्मचारीको नाममा प्रचलित कानून बमोजिम कोषमा जम्मा भएको रकम आवश्यकता अनुसार कानून बमोजिम सापटीको रुपमा झिक्न पाउने र कोषबाट एक पटक झिकेको रकम चुक्ता गरेपछि मात्र पुनः कर्मचारीलाई रकम सापटि दिने व्यवस्था राखी कर्मचारीलाई आर्थिक दायित्व प्रति जिम्मेवार बनाउने गरी प्रस्ताव गरिएको छ।

१३.	१३	साबिकमा रहेको व्यवस्थालाई कानून तर्जुमाको दृष्टिकोणले मिलाउन, सञ्चयकर्ताको कोषमा सञ्चित रकम जुनसुकै बखत झिक्न पाउने व्यवस्था गर्न र कर्मचारीले प्रचलित कानूनले तोके बमोजिम कोषमा जम्मा गरेको रकमलाई कानून बमोजिमका विभिन्न कार्य गर्नका लागि समेत सापटी लिन सक्ने व्यवस्था प्रस्ताव गरिएको छ।
१४.	१४	सञ्चयकर्ताले सञ्चित गरेको रकममा सञ्चित अवधिको ब्याज दिन सक्ने व्यवस्था प्रस्ताव गरिएको छ।
१५.	१५	कोषको रकम सापटी लिई समयमै चुक्ता नगर्ने कर्मचारीको धितो प्रचलित कानून बमोजिम लिलाम बिक्री नभएमा कोषले नै सकार गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ।
१६.	१६	कोषले नेपाल सरकार वा नेपाल सरकारको नियन्त्रणमा रहेको निकाय, विभिन्न संस्था तथा कम्पनी र स्वरोजगारमा संलग्न व्यक्तिहरुसँग मिलेर ऊर्जा उत्पादन र प्रशारण, कृषि विकास, पर्यटन र ठूला पूर्वाधार निर्माणको क्षेत्रमा काम गर्ने कम्पनीको शेयरमा लगानी गर्न सक्ने गरी लगानीका क्षेत्र बढाउने व्यवस्था प्रस्ताव गरिएको छ।
१७.	१७	कोषको काम कारबाहीलाई प्रभावकारी बनाउन समितिमा रहेको अधिकार कोषका प्रशासक वा उपसमिति र प्रशासकले कोषको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ।
१८.	१८	ऐन कार्यान्वयनमा प्रभावकारिता ल्याउने प्रयोजनका लागि ऐनको उद्देश्य अनुरुप समितिले विनियम र कार्यविधि बनाउन सक्ने व्यवस्था प्रस्ताव गरिएको।

कर्मचारी सञ्चय कोष ऐन, २०१९ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना : कर्मचारी सञ्चय कोष ऐन, २०१९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "कर्मचारी सञ्चय कोष (दशौं संशोधन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **कर्मचारी सञ्चय कोष ऐन,२०१९ को प्रस्तावनामा संशोधन** : कर्मचारी सञ्चय कोष ऐन, २०१९ (यसपछि "मूल ऐन" भनिएको) को प्रस्तावनामा रहेका "नेपाल सरकार" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह" भन्ने शब्दहरू राखिएका छन्।

३. **मूल ऐनको दफा २ मा संशोधन** : मूल ऐनको दफा २ को,-

(१) खण्ड (ख) मा रहेका "मासिक तलबबाट" भन्ने शब्दहरूको सट्टा "प्रचलित कानून बमोजिम मासिक तलबबाट" भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :-

"(घ) "ऋणपत्र" भन्नाले प्रचलित कानून बमोजिम निष्कासन गरिएको ऋणपत्र सम्झनु पर्छ।"

(३) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छ :-

"(ञ) "डिबेञ्चर" भन्नाले कुनै संस्थाले प्रचलित कानून बमोजिम जारी गरेको डिबेञ्चर सम्झनु पर्छ।"

(४) खण्ड (ढ) मा रहेका "दायित्व भएको" भन्ने शब्दहरू पछि "सङ्घ, प्रदेश वा स्थानीय तहका" भन्ने शब्दहरू थपिएका छन्।

४. **मूल ऐनको दफा ३ मा संशोधन** : मूल ऐनको दफा ३ को उपदफा (५) मा रहेका "शाखा उपशाखाहरू" भन्ने शब्दहरूको सट्टा "शाखा कार्यालय वा उपशाखा कार्यालयहरू"भन्ने शब्दहरू राखिएका छन्।

५. **मूल ऐनको दफा ४ मा संशोधन** : मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ :-

"४. **सञ्चालक समितिको गठन** : (१) कोषमा सातजना सञ्चालक भएको एउटा सञ्चालक समिति रहनेछ।

(२) समितिमा देहायका सञ्चालकहरू रहनेछन् :-

(क) नेपाल निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृतहरू मध्येबाट नेपाल सरकारबाट मनोनीत अधिकृत - अध्यक्ष

(ख) नेपाल सरकारको विभिन्न सेवाबाट नेपाल सरकारले मनोनीत गरेका तीनजना - सञ्चालक

(ग) बैङ्क, वित्तीय संस्था तथा अन्य सङ्गठित संस्थाहरूबाट नेपाल सरकारले मनोनीत गरेका दुइजना - सञ्चालक

(घ) कोषको प्रशासक - सञ्चालक

(३) उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिम नेपाल सरकारले सञ्चालक मनोनीत गर्दा नेपाल सरकारको विभिन्न सेवा, बैङ्क, वित्तीय संस्था तथा विभिन्न सङ्गठित संस्थाबाट पालैसँग प्रतिनिधित्व हुने गरी मनोनयन गर्नु पर्नेछ।

(४) प्रशासक बाहेक अन्य सञ्चालकको कार्यावधि तीन वर्षको हुनेछ र अवधि समाप्त भएपछि निजहरू पुनः एक पटकको लागि मनोनीत हुन सक्नेछन्।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिम मनोनीत सञ्चालकलाई नेपाल सरकारले जुनसुकै बखत हटाउन सक्नेछ।

(६) सञ्चालकले समितिको बैठकमा भाग लिए बापत पाउने बैठक भत्ता नेपाल सरकारले तोकिदिए बमोजिम हुनेछ।

(७) समितिले तोकिदिएको कोषको अधिकृत कर्मचारीले समितिको सचिव भई काम गर्नेछ।"

६. **<u>मूल ऐनको दफा ५ मा संशोधन</u>** : मूल ऐनको दफा ५ को खण्ड (ङ) मा रहेका "दशौं तह" भन्ने शब्दहरूको सट्टा "एघारौं तह" भन्ने शब्दहरू राखिएका छन्।

७. **<u>मूल ऐनको दफा ६ मा संशोधन</u>** : मूल ऐनको दफा ६ को उपदफा (१) को खण्ड (घ) मा रहेका "अर्को व्यक्ति नियुक्त गरेमा," भन्ने शब्दहरूको सट्टा "अर्को व्यक्तिलाई मनोनयन वा नियुक्त गरेमा," भन्ने शब्दहरू राखिएका छन्।

८. **<u>मूल ऐनको दफा ६क. मा संशोधन</u>** : मूल ऐनको दफा ६क. को,-

(१) उपदफा (१) मा रहेका "दशौं तह" भन्ने शब्दहरूको सट्टा "एघारौं तह" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) बमोजिम नियुक्त प्रशासकको कार्यावधि चार वर्षको हुनेछ र निजलाई नेपाल सरकारले जुनसुकै वखत हटाउन सक्नेछ।"

९. **<u>मूल ऐनको दफा ७ मा संशोधन</u>** : मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छ :-

"७. **<u>नेपाल सरकारले निर्देशन दिनसक्ने</u>** : नेपाल सरकारले समितिलाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गरी कार्य सम्पादन गर्नु समितिको कर्तव्य हुनेछ।"

१०. **<u>मूल ऐनमा दफा १२घ. थप</u>** : मूल ऐनको दफा १२ग. पछि देहायको दफा १२घ. थपिएको छ :-

"**१२घ. <u>अन्य कोषको सञ्चालन तथा व्यवस्थापन</u>** : (१) नेपाल सरकारले प्रचलित कानून बमोजिम स्थापित कुनै कोषको सञ्चालन गर्ने निकायको रूपमा त्यस्तो कानून बमोजिम कोषलाई तोकेमा कोषले त्यस्तो कोषको सञ्चालन तथा व्यवस्थापन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था प्रचलित कानूनको अधीनमा रही कोषले बनाएको कार्यविधि बमोजिम हुनेछ।"

११. **<u>मूल ऐनको दफा १३ मा संशोधन</u>** : मूल ऐनको दफा १३ को उपदफा (१) मा रहेका "दफा १२, १२ख. र १२ग. बमोजिम" भन्ने शब्दहरूको सट्टा "दफा १२, १२ख., १२ग. र १२घ. बमोजिम" भन्ने शब्दहरू राखिएका छन्।

१२. **<u>मूल ऐनको दफा १४ मा संशोधन</u>** : मूल ऐनको दफा १४ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) कोषमा रकम जम्मा गर्ने कर्मचारीले समितिबाट निर्धारण भए बमोजिम कोष कट्टी रकम सापटीको रूपमा झिक्न सक्नेछ।"

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) उपदफा (१) बमोजिम कर्मचारीले झिकेको सापटीको साँवा ब्याज चुक्ता गरेमा वा समितिले तोकेको अवधि पूरा गरे पछि पुनः सापटीको रूपमा रकम झिक्न सक्नेछ।"

१३. **<u>मूल ऐनको दफा १४क. मा संशोधन</u>** : मूल ऐनको दफा १४क. को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) कर्मचारीले कोषबाट सापटी लिई कोषलाई तिर्न बाँकी साँवा ब्याज रकम निजको नाममा कोषमा सञ्चित रहेको रकमबाट कट्टी गरी हिसाब मिलान गरिनेछ।"

(२) उपदफा (२) मा रहेको प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

(३) उपदफा (३) मा रहेका "घर सापटी" भन्ने शब्दहरूको सट्टा "सापटी" भन्ने शब्द राखिएको छ।

१४. **<u>मूल ऐनको दफा १५क. मा संशोधन</u>** : मूल ऐनको दफा १५क. को उपदफा (३क) मा रहेका "र त्यसरी छुट्टै खातामा जम्मा गरी सकेपछि सो रकममा ब्याज दिइने छैन" भन्ने शब्दहरू झिकिएका छन्।

१५. **<u>मूल ऐनको दफा १८ मा संशोधन</u>** : मूल ऐनको दफा १८ को,-

(१) खण्ड (झ) मा रहेका "लिलाम बिक्री गर्न सक्नेछ" भन्ने शब्दहरू पछि "र त्यसरी लिलाम बिकी गर्दा कसैले नसकारेमा कोषले त्यस्तो सम्पत्ति सकार गर्न सक्नेछ" भन्ने शब्दहरू थपिएका छन्।

(२) खण्ड (झ) पछि देहायको खण्ड (झ१) थपिएको छ :-

"(झ१) कोषको धितोमा रहेको सम्पत्तिको लिलाम वा सकार सम्बन्धी कारबाही नहुँदासम्म त्यस्तो सम्पत्ति माथि कोषको अधिकार कायमै रहनेछ।"

१६. **मूल ऐनको दफा १९ मा संशोधन** : मूल ऐनको दफा १९ को,-

(१) खण्ड (ज), (झ) र (ञ) को सट्टा देहायका खण्ड (ज), (झ) र (ञ) राखिएका छन् :-

"(ज) कोषले नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको कुनै निकायसँग मिलि ऊर्जा उत्पादन तथा प्रशारण, कृषि विकास, पर्यटन, सञ्चार तथा सूचना प्रविधि र ठूला पूर्वाधार निर्माणको क्षेत्रमा काम गर्ने कम्पनीको शेयरमा लगानी गर्न सक्ने,

(झ) कोषले आफैं वा अरु संस्थासँग मिली कम्पनीको सँस्थापना वा कुनै संस्थाको स्थापना गरी कर्मचारी र स्वरोजगारमा संलग्न व्यक्तिको सहभागितामा सामूहिक लगानी योजना (म्युचुअल फण्ड) सञ्चालन गर्ने,

(ञ) कोषले प्रचलित कानून बमोजिम आफैं वा अरु संस्थासँग मिलि कम्पनीको संस्थापना वा कुनै संस्थाको स्थापना गरी पूँजी बजार र वित्त बजारको क्षेत्रमा कोषको रकम परिचालन गर्ने,"

(२) खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) थपिएको छ :-

"(ञ१) धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त म्युचुअल फण्ड, प्राइभेट इक्विटी फण्ड र भेन्चर क्यापिटल फण्डका धितोपत्र इकाइमा लगानी गर्ने, "

(३) खण्ड (ट) पछि देहायको खण्ड (ट१) थपिएको छ :-

"(ट१) प्रचलित कानून बमोजिम संस्थापित कम्पनी वा संस्थाद्वारा निर्माण तथा सञ्चालन हुने आवास परियोजनामध्ये कोषले उपयुक्त ठहऱ्याएको परियोजनामा ऋण लगानी गरी त्यस्ता परियोजनाबाट निर्माण तथा विकास गरिएका घर घडेरी खरिद गर्न कर्मचारीलाई सापटी प्रवाह गर्ने,"

(४) खण्ड (ठ) मा रहेका "अध्ययन गरी" भन्ने शब्दहरू पछि "शेयर तथा ऋण" भन्ने शब्दहरू थपिएका छन्।

(५) खण्ड (ध) पछि देहायको खण्ड (ध१) थपिएको छ :-

"(ध१) कोषको नाममा धितो राखी ऋण वा सापटी लिएको व्यक्ति वा संस्थाले त्यस्तो ऋण वा सापटीको सम्पूर्ण रकम कोषलाई बुझाएमा धितो बापतको सम्पत्तिको रोक्का फुकुवा गर्नको लागि सम्बन्धित निकायमा लेखि पठाउने,"

१७. **मूल ऐनमा दफा २९ख. थप** : मूल ऐनको दफा २९क. पछी देहायको दफा २९ख. थपिएको छ :-

"**२९ख. अधिकार प्रत्यायोजन** : (१) समितिले यो ऐन र यस ऐन अनतर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार प्रशासक वा कुनै उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) प्रशासकले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार कोषका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।"

१८. **<u>मूल ऐनको दफा ३०क. मा संशोधन</u>** : मूल ऐनको दफा ३०क. को सट्टा देहायको दफा ३०क. राखिएको छ :-

"**३०क.** **<u>विनियम र कार्यविधि बनाउन सक्ने</u>** : (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम विपरीत नहुने गरी समितिले विनियमहरू बनाउन सक्नेछ।

(२) कोषको काम कारबाहीलाई व्यवस्थित रूपमा सञ्चालन गर्न यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम र विनियम विपरीत नहुने गरी समितिले आवश्यक कार्यविधि बनाउन सक्नेछ।"

कर्मचारी सञ्चय कोष ऐन, २०१९ लाई संशोधन गर्न बनेको विधेयकको

तीन महले विवरण

क्र.सं.	दफा/ उपदफा	विद्यमान कानूनी व्यवस्था	संशोधनका लागि प्रस्तावित कानूनी व्यवस्था	संशोधन गर्नु पर्नाको कारण
१.	प्रस्तावना	नेपाल सरकार र सङ्गठित संस्थाका कर्मचारीहरू, अन्य कर्मचारीहरू र स्वरोजगारमा संलग्न व्यक्तिहरूको निमित्त सञ्चय कोष, निवृत्तिभरण कोष लगायत अन्य सामाजिक सुरक्षा कोषको व्यवस्था गर्न वाञ्छनीय भएकोले,"	कर्मचारी सञ्चय कोष ऐन, २०१९ (यसपछि "मूल ऐन" भनिएको) को प्रस्तावनामा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह" भन्ने शब्दहरु राखिएका छन्।	प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीलाई समेत कोषमा आवद्द गर्न आवश्यक रहेको।
२.	दफा २ को खण्ड (ख), (घ), (ञ) र (ढ)	(ख) "कर्मचारी" भन्नाले मासिक तलबबाट कोष कट्टी गराउनुपर्ने रकम कट्टा गराई कोषमा दाखिला गराउने निजामती कर्मचारी, सैनिक, प्रहरी, सशस्त्र प्रहरी, संवैधानिक अङ्ग, र कोषका कर्मचारी तथा शिक्षक सम्झनुपर्छ र सो शब्दले प्रदेशको सरकारी सेवा, स्थानीय सेवाका कर्मचारी वा दफा १२ख. बमोजिम कोषमा रकम जम्मा गराउने संस्थाका कर्मचारी, मजदूर वा कामदार तथा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अन्य वर्गको कर्मचारी समेतलाई जनाउनेछ। (घ) "ऋणपत्र" भन्नाले राष्ट्र ऋण ऐन, २०५९ अन्तर्गत नेपाल सरकारले	मूल ऐनको दफा २ को,- (१) खण्ड (ख) मा रहेका "मासिक तलबबाट" भन्ने शब्दहरूको सट्टा "प्रचलित कानून बमोजिम मासिक तलबबाट" भन्ने शब्दहरू राखिएका छन्। (२) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :- "(घ) "ऋणपत्र" भन्नाले प्रचलित कानून बमोजिम निष्कासन गरिएको ऋणपत्र सम्झनु पर्छ।" (३) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छ :- "(ञ) "डिबेञ्चर" भन्नाले कुनै संस्थाले प्रचलित कानून बमोजिम जारी गरेको डिबेञ्चर सम्झनु पर्छ।" (४) खण्ड (ढ) मा रहेका "दायित्व भएको" भन्ने शब्दहरू पछि "सङ्घ, प्रदेश	• कर्मचारीको परिभाषा अन्तर्गत सबै क्षेत्रमा कार्य गर्ने स्थायी कर्मचारीलाई समावेश गर्नु आवश्यक भएको। • प्रचलित विभिन्न कानूनले ऋणपत्रको निष्कासन र डिवेञ्चर जारी गर्ने व्यवस्था गरेको हुँदा सोही बमोजिम व्यवस्था गर्न आवश्यक भएको। • कार्यालय अन्तर्गत सङ्घ, प्रदेश र स्थानीय तीनै तहका कार्यालयलाई समावेश गर्नु

		निष्काशन गरेको ऋण सम्झनु पर्छ र यो शब्दले विदेशी सरकारको ऋणपत्र समेतलाई जनाउँछ। (ञ) "डिवेन्चर" भन्नाले कम्पनीले आफ्नो जायजेथा धितो वा जमानत राखी लिएको ऋणको तमसुक सम्झनु पर्छ। (ढ) "कार्यालय" भन्नाले कर्मचारीको तलबबाट कोष रकम कट्टी गरी कोषले तोकेको खातामा जम्मा गर्ने दायित्व भएको कार्यालय वा संस्था सम्झनु पर्छ।	वा स्थानीय तहका" भन्ने शब्दहरू थपिएका छन्।	आवश्यक रहेको।
३.	दफा ३ को उपदफा (५)	(५) कोषको प्रधान कार्यालय काठमाडौं उपत्यकाभित्र रहनेछ र कोषको काम सुचारू रूपले चलाउन कोषले चाहेको बखत नेपालका अन्य क्षेत्रहरूमा शाखा उपशाखाहरू खोल्न सक्नेछ।	मूल ऐनको दफा ३ को उपदफा (५) मा रहेका "शाखा उपशाखाहरू" भन्ने शब्दहरूको सट्टा "शाखा कार्यालय वा उपशाखा कार्यालयहरू" भन्ने शब्दहरू राखिएका छन्।	कोषले शाखा कार्यालय र उपशाखा कार्यालय स्थापना गर्न सक्ने विषयलाई कानूनी रुपमा स्पष्ट गर्नु आवश्यक भएको।
४.	दफा ४	४. <u>**समितिको गठन**</u> : (१) कोषमा कम्तीमा सातजना सञ्चालक भएको एउटा सञ्चालक समिति रहनेछ। (२) उपदफा (१) बमोजिमको समितिमा देहायका सञ्चालकहरू रहनेछन् :- (क)नेपाल सरकारबाट नियुक्त व्यक्ति - अध्यक्ष (ख) नेपाल सरकारको विभिन्न सेवाबाट नेपाल सरकारले मनोनीत गरेका तीनजना	मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ :- "४. <u>**सञ्चालक समितिको गठन**</u> : (१) कोषमा सातजना सञ्चालक भएको एउटा सञ्चालक समिति रहनेछ। (२) समितिमा देहायका सञ्चालकहरू रहनेछन् :- (क) नेपाल निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका अधिकृतहरू मध्येबाट	सञ्चालक समितिलाई चुस्त, दुरुस्त, मितव्ययी बनाउन आवश्यक भएको।

		- सञ्चालक (ग) बैङ्क, वित्तीय संस्था तथा अन्य सङ्गठित संस्थाहरूबाट नेपाल सरकारले मनोनीत गरेका दुइजना - सञ्चालक (घ) कोषको प्रशासक - सञ्चालक (३) उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिम नेपाल सरकारले सञ्चालक मनोनीत गर्दा नेपाल सरकारको विभिन्न सेवा, बैङ्क, वित्तीय संस्था तथा विभिन्न सङ्गठित संस्थाबाट पालैसँग प्रतिनिधित्व हुने गरी मनोनयन गर्नु पर्नेछ। (४) प्रशासक बाहेक अन्य सञ्चालकको कार्यावधि तीन वर्षको हुनेछ र अवधि समाप्त भएपछि निजहरू पुनः एक पटकको लागि मनोनीत हुन सक्नेछन्। (५) कार्यवधि पूरा नहुँदै कुनै सञ्चालकको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि सो पद पहिले जुन प्रक्रियाबाट पूर्ति गरिएको हो सोही प्रक्रियाबाट पूर्ति गर्नु पर्नेछ। (६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिम मनोनीत सञ्चालकलाई नेपाल सरकारले जुनसुकै बखत हटाउन सक्नेछ।	नेपाल सरकारबाट मनोनीत अधिकृत - अध्यक्ष (ख) नेपाल सरकारको विभिन्न सेवाबाट नेपाल सरकारले मनोनीत गरेका तीनजना - सञ्चालक (ग) बैङ्क, वित्तीय संस्था तथा अन्य सङ्गठित संस्थाहरूबाट नेपाल सरकारले मनोनीत गरेका दुइजना - सञ्चालक (घ) कोषको प्रशासक - सञ्चालक (३) उपदफा (२) को खण्ड (ख) र (ग) बमोजिम नेपाल सरकारले सञ्चालक मनोनीत गर्दा नेपाल सरकारको विभिन्न सेवा, बैङ्क, वित्तीय संस्था तथा विभिन्न सङ्गठित संस्थाबाट पालैसँग प्रतिनिधित्व हुने गरी मनोनयन गर्नु पर्नेछ। (४) प्रशासक बाहेक अन्य सञ्चालकको कार्यावधि तीन वर्षको हुनेछ र अवधि समाप्त भएपछि निजहरू पुनः एक पटकको लागि मनोनीत हुन सक्नेछन्। (५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिम मनोनीत सञ्चालकलाई नेपाल सरकारले जुनसुकै बखत हटाउन सक्नेछ। (६) सञ्चालकले समितिको	

		(६) सञ्चालकले समितिको बैठकमा भाग लिए बापत पाउने बैठक भत्ता नेपाल सरकारले तोकिदिए बमोजिम हुनेछ। (७) समितिले तोकिदिएको कोषको अधिकृत कर्मचारीले समितिको सचिव भई काम गर्नेछ।"	बैठकमा भाग लिए बापत पाउने बैठक भत्ता नेपाल सरकारले तोकिदिए बमोजिम हुनेछ। (७) समितिले तोकिदिएको कोषको अधिकृत कर्मचारीले समितिको सचिव भई काम गर्नेछ।"	
५.	दफा ५ को खण्ड (ङ)	(ङ) नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणी वा सङ्गठित संस्थाको दशौं तह वा सो सरहको तह भन्दा तल्लो तहका पदमा कार्यरत कर्मचारी, वा	मूल ऐनको दफा ५ को खण्ड (ङ) मा रहेका "दशौं तह" भन्ने शब्दहरुको सट्टा "एघारौं तह" भन्ने शब्दहरु राखिएका छन्।	नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारी सरह सङ्गठित संस्थाको एघारौं तहको कर्मचारी रहने भएको। दफा ४ मा नेपाल सरकारले सञ्चालक मनोनयन गर्न सक्ने व्यवस्था रहेकोले सोही बमोजिम मिलाउन आवश्यक भएको। • नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारी सरह सङ्गठित संस्थाको एघारौं तहको कर्मचारी रहने भएको। • नेपाल सरकारबाट नियुक्ति तथा मनोनीत हुने
६.	दफा ६ को उपदफा (१) को खण्ड (घ)	(घ) कार्यविधि पूरा नहुँदै निजको ठाँउमा नेपाल सरकारले अर्को व्यक्ति नियुक्त गरेमा, वा	मूल ऐनको दफा ६ को उपदफा (१) को खण्ड (घ) मा रहेका "अर्को व्यक्ति नियुक्त गरेमा," भन्ने शब्दहरूको सट्टा "अर्को व्यक्तिलाई मनोनयन वा नियुक्त गरेमा," भन्ने शब्दहरू राखिएका छन्।	
७.	दफा ६क. को उपदफा (१) र (२)	(१) नेपाल सरकारले कोषको प्रशासकीय प्रमुखको रूपमा दैनिक कार्य सञ्चालन गर्नको लागि कम्तीमा नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणी, कोष वा संस्थाको अधिकृत प्रथम श्रेणी वा दशौं तह वा सो सरहको पदमा कार्यरत कुनै एकजना सञ्चयकर्ता कर्मचारीलाई प्रशासकको पदमा नियुक्त गर्नेछ। (२) उपदफा (१) बमोजिम नियुक्त प्रशासकको कार्यावधि पाँच वर्षको हुनेछ र निज नेपाल सरकारको इच्छा अनुसार आफ्नो	मूल ऐनको दफा ६क. को,- (१) उपदफा (१) मा रहेका "दशौं तह" भन्ने शब्दहरुको सट्टा "एघारौं तह" भन्ने शब्दहरु राखिएका छन्। (२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :- "(२) उपदफा (१) बमोजिम नियुक्त प्रशासकको कार्यावधि चार वर्षको हुनेछ र निजलाई नेपाल सरकारले जुनसुकै वखत हटाउन सक्नेछ।"	

		पदमा बहाल रहनेछन्।		पदाधिकारीको पदावधि चार वर्ष राख्न उपयुक्त हुने भएको।
८.	दफा ७	**७. व्यवस्था :** (१) समितिको राय बुझी नेपाल सरकारले राष्ट्रहितको लागि आवश्यक ठहऱ्याएको निर्देशन समय समयमा कोषलाई दिन सक्नेछ। (२) उपदफा (१) अन्तर्गत दिइएका निर्देशनहरूको अनुसरण गरी कोषको सञ्चालन गर्ने र यस ऐन अन्तर्गत कोषले गर्नुपर्ने सबै कार्य सम्पादन गर्ने कार्यभार समितिको हुनेछ। (३) समितिले यो ऐन अन्तर्गत आफूले पाएको अख्तियार आवश्यकता अनुसार प्रशासन वा कुनै उपसमितिलाई सुम्पन सक्नेछ। कोषको काम सुचारू रूपले चलाउन प्रशासकले आफूले पाएका कामको अख्तियारी आफ्नो जवाफदेहीमा कोषका आफू मातहतका अधिकारी र कर्मचारीलाई सुम्पन सक्नेछ।	मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छ। "७. **नेपाल सरकारले निर्देशन दिनसक्ने** : नेपाल सरकारले समितिलाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ। (२) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गरी कार्य सम्पादन गर्नु समितिको कर्तव्य हुनेछ।"	कानून तर्जुमाको दृष्टिकोणले मिलाउन आवश्यक भएको।
९.	दफा १२घ.	नभएको	मूल ऐनको दफा १२ग. पछि देहायको दफा १२घ. थपिएको छ :- "**१२घ.अन्य कोषको सञ्चालन तथा व्यवस्थापन** : (१) नेपाल सरकारले प्रचलित कानून बमोजिम स्थापित कुनै कोषको सञ्चालन	निवृत्तिभरण कोष, अवकाश सुविधासँग सम्बन्धित कोष र प्रचलित कानूनबाट स्थापना हुने यस्तै प्रकृतिका अन्य कोषको सञ्चालन तथा व्यवस्थापन

			गर्ने निकायको रूपमा त्यस्तो कानून बमोजिम कोषलाई तोकेमा कोषले त्यस्तो कोषको सञ्चालन तथा व्यवस्थापन गर्नेछ। (२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था प्रचलित कानूनको अधीनमा रही कोषले बनाएको कार्यविधि बमोजिम हुनेछ।"	समेत कोषबाट गर्नु पर्ने भएको।
१०.	दफा १३ को उपदफा (१)	(१) दफा १२, १२ख. र १२ग. बमोजिम कोषमा रूपैयाँ जम्मा हुन आएपछि प्रत्येक कर्मचारी र स्वरोजगारमा संलग्न व्यक्तिको नामबाट जम्मा हुन आएको रकम सो कर्मचारी र स्वरोजगारमा संलग्न व्यक्तिको नामको खातामा जम्मा गरिनेछ।	मूल ऐनको दफा १३ को उपदफा (१) मा रहेका "दफा १२, १२ख. र १२ग. बमोजिम" भन्ने शब्दहरुको सट्टा "दफा १२, १२ख., १२ग. र १२घ. बमोजिम" भन्ने शब्दहरु राखिएका छन्।	थप भएको दफा १२घ. लाई समेत यस उपदफामा उल्लेख गर्नु आवश्यक भएको।

११.	दफा १४ को उपदफा (१) र (३)	(१) कम्तीमा पाँच वर्षसम्म लगातार कोष कट्टी रकम कोषमा जम्मा गर्ने कर्मचारीले आर्थिक वर्षको सुरूसम्ममा निजको नाममा कोष कट्टी भई जम्मा भएको कूल रकमको साठी प्रतिशतमा नबढ्ने गरी कोषबाट रकम झिक्न सक्नेछ। (३) उपदफा (१) बमोजिम कुनै कर्मचारीले एक पटक झिकेको मितिले दुई वर्ष पूरा नभई पुनः रकम झिक्न सकिने छैन ।	मूल ऐनको दफा १४ को,- उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :- (१) कोषमा रकम जम्मा गर्ने कर्मचारीले समितिबाट निर्धारण भए बमोजिम कोष कट्टी रकम सापटीको रूपमा झिक्न सक्नेछ। उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :- (३) उपदफा (१) बमोजिम कर्मचारीले झिकेको सापटीको साँवा ब्याज चुक्ता गरेमा वा समितिले तोकेको अवधि पूरा गरे पछि पुनः सापटीको रूपमा रकम झिक्न सक्नेछ।	• कर्मचारीले जम्मा गरेको रकम आवश्यकता अनुसार कानून बमोजिम सापटीको रुपमा झिक्न पाउने व्यवस्थाको सुनिश्चितता गर्न आवश्यक भएको। • एक पटक झिकेको रकम चुक्ता गरेपछि मात्र पुनः कर्मचारीलाई रकम सापटि दिने व्यवस्था राखी कर्मचारीलाई आर्थिक दायित्व प्रति जिम्मेवार बनाउन आवश्यक भएको। • कानून तर्जुमाको दृष्टिकोणले मिलाउन आवश्यक भएको।
१२.	दफा १४क. को उपदफा (१), (२) र (३)	(१) कुनै कर्मचारीले यो दफा प्रारम्भ हुनु भन्दा अघि कोषबाट सापटी लिई सकेको रहेछ भने निजले लिएको सापटी मध्ये तिर्न बाँकी साँवा ब्याज रकम निजको नाममा सञ्चित रहेको कोष कट्टी रकमबाट कट्टी गरी हिसाब मिलान गरिनेछ ।	मूल ऐनको दफा १४क. को,- (१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :- “(१) कर्मचारीले कोषबाट सापटी लिई कोषलाई तिर्न बाँकी साँवा ब्याज रकम निजको नाममा कोषमा सञ्चित रहेको रकमबाट कट्टी गरी हिसाब मिलान गरिनेछ।” (२) उपदफा (२) मा रहेको प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।	
		तर कोषबाट रकम झिकेको वा सापटी लिएको मितिले दुई वर्ष पूरा नभई निजले पुनः रकम	(३) उपदफा (३) मा रहेका “घर	सञ्चयकर्ताको कोषमा सञ्चित रकम जुनसुकै

		झिक्न सक्ने छैन ।	सापटी" भन्ने शब्दहरुको सट्टा "सापटी" भन्ने शब्द राखिएको छ।"	बखत झिक्न पाउने व्यवस्था गर्न वाञ्छनीय भएको।
		(३) कोषबाट घर सापटी लिएको कर्मचारीले कोष कट्टी रकमबाट हिसाब मिलान गर्न चाहेमा उपदफा (१) बमोजिम हिसाब मिलान गर्न सक्नेछ ।		कर्मचारीले प्रचलित कानूनले तोके बमोजिम कोषमा जम्मा गरेको रकमलाई विविध कार्यको लागि सापटी लिन सक्ने व्यवस्था गर्न आवश्यक भएको।
१३.	दफा १५क. को उपदफा (३क)	(३क) दफा १५ को उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चित रकम फिर्ता पाउन सक्ने अवस्था भएको शुरू मितिले ६ वर्ष सम्ममा पनि त्यस्तो रकम फिर्ता पाउने हक पुगेको व्यक्तिले फिर्ता लिन नआएमा सो रकम छुट्टै खातामा जम्मा गरिनेछ र त्यसरी छुट्टै खातामा जम्मा गरी सकेपछि सो रकममा ब्याज दिइने छैन।	मूल ऐनको दफा १५क. को उपदफा (३क) मा रहेका "र त्यसरी छुट्टै खातामा जम्मा गरी सकेपछि सो रकममा ब्याज दिइने छैन" भन्ने शब्दहरु झिकिएका छन्।	निश्चित समयावधिभित्र सञ्चित रकम फिर्ता लिन नआउने कर्मचारीको रकम छुट्टै कोषमा जम्मा गरी आवश्यकता अनुसार त्यस्तो रकमको अवस्था बारे जानकारी लिन आवश्यक रहेको।
१४.	दफा १८ को खण्ड (झ) र (झ१)	(झ) कोषले दिएको ऋण वा सापटीको साँवा ब्याजको रकम किस्ता कबुलियतनामाको शर्तको म्यादभित्र चुक्ता नभई धितो वा जेथा जमानी राखेको सम्पत्ति कब्जा गरी लिलाम बिक्री गर्नु परेमा कोषले कम्तीमा पैंतीस दिनको म्याद दिई	मूल ऐनको दफा १८ को,- (१) खण्ड (झ) मा रहेका "लिलाम बिक्री गर्न सक्नेछ" भन्ने शब्दहरू पछि "र त्यसरी लिलाम बिकी गर्दा कसैले नसकारेमा कोषले त्यस्तो सम्पत्ति सकार गर्न सक्नेछ" भन्ने शब्दहरू थपिएका छन्।	कोषको रकम सापटी लिई समयमै चुक्ता नगर्ने कर्मचारीको धितो प्रचलित कानून बमोजिम लिलाम बिक्री नभएमा कोषले नै सकार गर्न सक्ने व्यवस्था राख्न

		स्थानीय पत्रपत्रिकामा सूचना प्रकाशित गरी सो म्याद समाप्त भएपछि त्यस्तो सम्पत्ति कब्जा गरी लिलाम बिक्री गर्न सक्नेछ। (झ१) नभएको	(२) खण्ड (झ) पछि देहायको खण्ड (झ१) थपिएको छ :- "(झ१) कोषको धितोमा रहेको सम्पत्तिको लिलाम वा सकार सम्बन्धी कारबाही नहुँदासम्म त्यस्तो सम्पत्ति माथि कोषको अधिकार कायमै रहनेछ।"	आवश्यक भएको।

१५.	दफा १९ को खण्ड (ज), (झ), (ञ), (ट), (ठ) र (ध१)	(ज) कोषले नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको कुनै निकायद्वारा प्रवर्द्धित ऊर्जा उत्पादन र प्रसारण, कृषि विकास, पर्यटन र ठूला पूर्वाधार निर्माणको क्षेत्रमा शेयर लगानी गर्न सक्ने, (झ) कोषले आफै वा अरु संस्थासँग मिली कर्मचारी र स्वरोजगारमा संलग्न व्यक्तिहरूको सहभागितामा सामूहिक लगानी योजना (म्युचुअल फण्ड) सञ्चालन गर्न कम्पनी वा संस्थाको स्थापना गर्ने, (ञ) कोषले कर्मचारी वा स्वरोजगारमा संलग्न व्यक्तिको सहभागितामा सामूहिक लगानी योजना (म्युचुअल फण्ड) सञ्चालन गर्ने, नभएको। (ठ) कोषले आफै वा अरु संस्थाहरूसँग मिली विश्वविद्यालय, शिक्षण अस्पताल, मेडिकल कलेज लगायत शैक्षिक क्षेत्र, औषधी उत्पादन, ऊर्जा उत्पादन, पर्यटन, कृषि विकासमा सम्भाव्यता अध्ययन गरी लगानी गर्न सक्ने,	मूल ऐनको दफा १९ को,- (१) खण्ड (ज), (झ) र (ञ) को सट्टा देहायका खण्ड (ज), (झ) र (ञ) राखिएका छन् :- "(ज) कोषले नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको कुनै निकायसँग मिलि ऊर्जा उत्पादन तथा प्रशारण, कृषि विकास, पर्यटन, सञ्चार तथा सूचना प्रविधि र ठूला पूर्वाधार निर्माणको क्षेत्रमा काम गर्ने कम्पनीको शेयरमा लगानी गर्न सक्ने, (झ) कोषले आफैं वा अरु संस्थासँग मिली कम्पनीको सँस्थापना वा कुनै संस्थाको स्थापना गरी कर्मचारी र स्वरोजगारमा संलग्न व्यक्तिको सहभागितामा सामूहिक लगानी योजना (म्युचुअल फण्ड) सञ्चालन गर्ने, (ञ) कोषले प्रचलित कानून बमोजिम आफैं वा अरु संस्थासँग मिलि कम्पनीको संस्थापना वा कुनै संस्थाको स्थापना गरी पूँजी बजार र वित्त बजारको क्षेत्रमा कोषको रकम परिचालन गर्ने," (२) खण्ड (ञ) पछि देहायको खण्ड (ञ१) थपिएको छ :- "(ञ१) धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त म्युचुअल फण्ड, प्राइभेट इक्विटी फण्ड र भेन्चर	कोषले नेपाल सरकार वा नेपाल सरकारको नियन्त्रणमा रहेको निकाय, विभिन्न संस्था तथा कम्पनी र स्वरोजगारमा संलग्न व्यक्तिहरुसँग मिलेर ऊर्जा उत्पादन र प्रशारण, कृषि विकास, पर्यटन र ठूला पूर्वाधार निर्माणको क्षेत्रमा काम गर्ने कम्पनीको शेयरमा लगानी गर्न सक्ने विषयलाई व्यवस्थित गर्न आवश्यक भएको। कोषमा जम्मा भएको रकमको लगानीका क्षेत्रहरु बढाउन आवश्यक भएको।

			क्यापिटल फण्डका धितोपत्र इकाइमा लगानी गर्ने, " (३) खण्ड (ट) पछि देहायको खण्ड (ट१) थपिएको छ :- (ट१) प्रचलित कानून बमोजिम संस्थापित कम्पनी वा संस्थाद्वारा निर्माण तथा सञ्चालन हुने आवास परियोजनामध्ये कोषले उपयुक्त ठहऱ्याएको परियोजनामा ऋण लगानी गरी त्यस्ता परियोजनाबाट निर्माण तथा विकास गरिएका घर घडेरी खरिद गर्न कर्मचारीलाई सापटी प्रवाह गर्ने," (४) खण्ड (ठ) मा रहेका "अध्ययन गरी" भन्ने शब्दहरू पछि "शेयर तथा ऋण" भन्ने शब्दहरू थपिएका छन्। (५) खण्ड (ध) पछि देहायको खण्ड (ध१) थपिएको छ :- "(ध१) कोषको नाममा धितो राखी ऋण वा सापटी लिएको व्यक्ति वा संस्थाले त्यस्तो ऋण वा सापटीको सम्पूर्ण रकम कोषलाई बुझाएमा धितो बापतको सम्पत्तिको रोक्का फुकुवा गर्नको लागि सम्बन्धित निकायमा लेखि पठाउने,"	

१६.	दफा २९ख. थप	नभएको।	मूल ऐनको दफा २९क. पछि देहायको दफा २९ख. थपिएको छ :- “२९ख. <u>**अधिकार प्रत्यायोजन**</u> : (१) समितिले यो ऐन र यस ऐन अनतर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार प्रशासक वा कुनै उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ। (२) प्रशासकले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार कोषका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।“	अधिकार प्रत्यायोजन गरी कोषको काम कारबाहीलाई प्रभावकारी बनाउन आवश्यक रहेको।

१७.	दफा ३०क.	३०क. <u>**विनियम बनाउने अधिकारः**</u> यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम विपरीत नहुने गरी कोषले आवश्यक विनियमहरू बनाउन सक्नेछ।	दफा ३०क. को सट्टा देहायको दफा ३०क. राखिएको छ :- "**३०क.** <u>**विनियम र कार्यविधि बनाउन सक्ने**</u> : (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम विपरीत नहुने गरी समितिले विनियमहरू बनाउन सक्नेछ। (२) कोषको काम कारबाहीलाई व्यवस्थित रूपमा सञ्चालन गर्न यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम र विनियम विपरीत नहुने गरी समितिले आवश्यक कार्यविधि बनाउन सक्नेछ।"	कोषलाई विनियम र कार्यविधि बनाउने अधिकार प्रदान गरी ऐन कार्यान्वयनमा सहजता ल्याउन आवश्यक भएको।